# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# मुसिकोट नगरपालिका
# रुकुम पश्चिम




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )

पत्र संख्या:२०७६/७७
च.नं – ६०

मिति: २०७७/३/२९

श्री प्रमुखज्यू,
मुसिकोट नगरपालिका,
रुकुम पश्चिम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

२०७७/३/२९
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np
Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

## महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन। स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन्।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २६ गते।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्या: २०७६।७७
च.नं. - ६०

मिति: २०७७।३।२९

श्री प्रमुखज्यू,
मुसिकोट नगरपालिका,
रुकुम पश्चिम ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले मुसिकोट नगरपालिका, रुकुम पश्चिमको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ९७ लाख ९२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१८ हजार , प्रमाण कागजात पेश गर्नुपर्ने रु. ९२ लाख ६४ हजार र फछ्र्यौट गर्नुपर्ने पेश्की रु.५ लाख १० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०५।२४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना चौध (१४) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२९
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

**श्री मुसिकोट नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गर्दै गुणस्तरिय सेवा प्रदान गरी जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक, आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्धेश्य रहेको छ ।

**स्थानीय संचितकोष** : स्थानीय सञ्चित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत समाबेस भएको आर्थिक वर्ष २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| **आयतर्फ** | | **व्ययतर्फ** | |
|---|---|---|---|
| **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| **गत वर्षको जिम्मेवारी** | | **चालु खर्च** | ४००९२४२१५.९ |
| क) नगद | | **पूँजीगत खर्च** | १३२५७२२१३ |
| ख) बैंक | ४९९४४४८४.०९ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| ग) धरौटी | १०७०८७८० | क) ऋण भुक्तानी | |
| **राजस्व (आन्तरिक आय)** | | ख) ब्याज भुक्तानी | |
| क) आन्तरिक राजस्व | १४८८७८३९.६४ | ग) अन्य भुक्तानी | |
| ख) राजस्व बाँडफाँड | ६३५३५०४९.४ | **लगानी** | |
| ग) अन्य आय | १७९१३१० | ऋण लगानी | |
| **वित्तीय हस्तान्तरण** | | शेयर लगानी | ३०००००० |
| क) वित्तीय समानीकरण अनुदान | ११३१००००० | अन्य लगानी | |
| ख ) प्रदेश समानिकरण | ५३२३००० | | |
| ग) सशर्त अनुदान | २१३७८०००० | **धरौटी फिर्ता** | १२२२९६६०.४८ |
| घ) विशेष अनुदान | ३००००००० | **कोलेनिका फिर्ता** | १७४०४७९६.३६ |
| ङ) समपुरक अनुदान | २१०९६००० | **मौज्दात** | |
| च) झुलुंगे पुल | ३४२८८४४ | क) नगद मौज्दात | |
| छ)स्थानीय तह तथा प्रदेश क्षमता विकास | ३०५००० | ख) बैंक मौज्दात | ५१६९६६४२.४९ |
| ज) सामाजिक सुरक्षा | ३७३८२४०० | घ) धरौटी बाँकी | ११२७३९५८ |
| झ) कृर्षि विभाग | ४३४८६७० | | |
| ञ) बहुक्षेत्रिय पोषण कार्यक्रम | १५९०९९० | | |
| ट) कृर्षि पूर्वाधार तथा वजार प्रर्वधन | ११७३१८४ | | |
| ठ) स्थानिय पुवाधार साझेदार कार्यक्रम | ३८५५८४०७ | | |
| ड) गरिवसंग विश्वेश्वर | ५५८००० | | |
| ढ) प्रधानमन्त्री रोजगार कार्यक्रम | ४७९४६९० | | |
| **धरौटी आय** | १२७९४८३८.४८ | | |
| **जम्मा** | **६२९१०१४८७** | **जम्मा** | **६२९१०१४८७** |

<table>
<tr><th>दफा.नं.</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>लेखापरीक्षणको समयमा देहाय अनुसारको रु. ३,३८,४५०.०० दाखिला भएको छ।
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>दाखिला (रु)</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>पेश्की फछ्र्यौट दाखिला</td><td>३३१२५०.००</td><td>सञ्चित कोष खातामा दाखिला</td></tr>
<tr><td>२.</td><td>भरपाई नपुग</td><td>७२००.००</td><td>सञ्चित कोष खातामा दाखिला</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३,३८,४५०.००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१</td><td>आन्तरीक नियन्त्रण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापुर्ण ढंगबाट सम्पादन गर्न तथा वित्तिय प्रतिवेदन प्रणाली विश्वसनिय वनाउन आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ। कार्यालयले अवलम्वन गरेको आन्तरिक नियन्त्रण प्रणालिमा देहायका अवस्था देखिएको छ। कार्यालयको समग्र व्यवस्थापन सुदृढ गर्न आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ।
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७८(५) अनुसार योजना सञ्चालन तथा कार्यान्वयन गर्दा सार्वजनिक परीक्षण, समाजिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा अधिकांस योजनामा गरेको देखिएन।</li>
<li>लागत अनुमान तयार गरी गरेको निर्माण कार्यको नापी पछि उपभोक्ता समितिको विल तयार गर्दा उपभोक्ता समितिको योगदान समेत समावेश गर्ने गरेको छ। निर्माण कार्यस्थलमा उपभोक्ता प्रत्यक्ष रुपमा काममा सहभागी नहुने साथै उपभोक्ताको योगदान वरावरको रकम लगानी समेत नगरेको अवस्थामा निर्माण कार्यको परिमाण वढाई उपभोक्ता समितिको योगदान देखाउँदा निर्माण स्थलको वास्तविक कार्यको नापी हुने देखिएन। समाग्रीको परीमाण र निर्माण कार्य वढी देखाई उपभोक्ताको योगदानमा समावेश गर्दा उपभोक्ता समितिको विलले वास्तविक अवस्था चित्रण गरेको छैन।</li>
<li>शिक्षा तर्फ विद्यालयलाई तेश्रो चौमाशीक निकासा भुक्तानी गर्दा वित्तिय लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपछि मात्र निकासा दिनुपर्नेमा प्रतिवेदन वेगर निकासा भुक्तानी गरेको छ।</li>
<li>सार्वजकि खरिद नियमावली, २०६४ को नियम १० (३) अनुसार लागत अनुमान तयार गर्दा प्राविधिक दृष्टिकोणले कार्य सम्पन्न गर्न लाग्ने समयावधि उल्लेख गरको पाईएन।</li>
<li>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियम १८ बमोजिम भ्रमण प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाइएन।</li>
<li>मर्मत आदेश तथा म.ले.प.फारम नं. २ मर्मत अभिलेख राखेको देखिएन।</li>
</ul></td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | • कार्यक्रम खाता, लक्ष्य प्रगति, आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तथा वार्षिक कार्य सम्पादन प्रतिवेदन राखेको पाईएन ।<br>• मुद्दा दर्ता तथा फछ्र्यौट अभिलेख राखेको पाईएन ।<br>• आयोजना संचालन गर्न संलग्न भएका उपभोक्ता समिति सरह मानि गैर सरकारी संस्था मार्फत कार्य गराएको उपयुक्त देखिन आएन ।<br>• शिक्षा तर्फ विद्यालयलाई तेश्रो चौमाशीक निकासा भुक्तानी गर्दा वित्तिय लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपछि मात्र निकासा दिनुपर्नेमा प्रतिवेदन वेगर निकासा भुक्तानी गरेको छ ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दशलाख रुपैयाँ भन्दा बढीको खरिद कार्यमा वार्षिक खरिद योजना बनाई खरिद योजना कार्यान्यिन गर्नु पर्नेमा सोको पालना नभएकोले खरिद प्रतिश्पर्धि भएको देखिएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का संझौता तथा मूल्य अभिवृद्धि कर भुक्तानीको रकम खुलाई मासिक रुपमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा सो अनुरुप जानकारी दिएको पाइएन ।<br>• नगरपालिकाले उपभोक्ता समितिलाई बिल बमोजिमको रकम भुक्तानी गर्दा १० प्रतिशत फरफारक कट्टी गरी धरौटी खातामा जम्मा गर्ने र निर्माण सम्पन्न गरि फिर्ता गर्ने गरेको देखिन्छ । फरफारक कट्टी गर्ने व्यवस्था सार्वजनिक खरिद तथा आयकर ऐन आदिमा रहेको देखिएन । नियमानुसार हुने गरी सुधार गर्न कार्यालयले पहल गर्नुपर्ने देखिन्छ ।<br><br>कार्यालयले सम्पादन गर्नुपर्ने प्रत्येक कार्य क्षेत्रहरुका जोखिम पहिचान गरी त्यसलाई न्यूनिकरण गर्न आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी कार्यान्वियन गर्नु पर्दछ । | |
| २ | **मध्यकालिन खर्च संरचना** : अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउने यो विधि कार्यान्वयनमा ल्याएको छैन । स्रोत छर्ने प्रवृत्ति नियन्त्रण गर्न, स्रोतसाधन प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाको लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचना कार्यान्वियन गर्न कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ३ | **वजेट पेश र पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ | |

| | | |
|---|---|---|
| | गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ। नगरसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण मिति २०७५।०३।२२ गते स्वीकृत गरेको छ। | |
| ४ | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारी अवकास हुदांको बखत प्राप्त हुने उपदान, औषधि उपचार, बिमा लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष कर्मचारी कल्याण कोष खातामा रकम जम्मा गरेको देखिएन। अवकाश कोषको उचित व्यवस्थापन गर्नुपर्दछ। | |
| ५ | **भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम नगरपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ। नगरपालिकाले क्षेत्रभित्र रहेका घरको नक्साङ्कन गर्ने, नया निर्माणाधीन भवनको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ। | |
| ६ | **आन्तरिक ऋण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ मा नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन । | |
| ७ | **सभाको निर्णय कार्यान्वयन** : नगर परीषद्बाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्थाको अनुगमन मुल्याँकन अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन। कार्यालयले Follow up Register राखी निर्णय कार्यान्वयनको अबस्था मुल्याँकन गरिरहनु पर्दछ। | |
| ८ | **विकास योजना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा अधिकारक्षेत्र भित्रको विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत एवं क्षेत्रगत विषयको मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले तदनुसार मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ। | |
| ९ | **परामर्श समिति :** स्थानीय सरकार सञ्चालन ऐनको दफा ६५ बमोजिम नगरपालिकामा राजस्व सम्बन्धी परामर्शको लागि स्थानीय राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको | |

| | | |
|---|---|---|
| | विश्लेषण र अनुमान गर्ने, कर नीतिको सम्बन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको व्यवस्था अनुसार भएको देखिएन । समितिले सो अनुरुप कार्य गर्नुपर्दछ । | |
| १० | **चौमासिक प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्नेमा पेश गरेको देखिएन । | |
| ११ | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना बनाउंदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । नगरसभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७४।७५ को अध्ययन गर्दा नगरपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिर्काश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले र्सचालन गरेको पाइएन । यस्तो प्रकृयामा सुधार हुनु पर्दछ । | |
| १२ | **सामाजिक/सार्बजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । नगरपालीकाले संचालित योजनाहरुको  अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाईको व्यबस्था गरि  बित्तीय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ  । | |
| १३ | **डोर हाजिरी :** कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता (म.ले.प.फा.नं. १७५) राख्ने गरेको छैन । प्राप्त डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । आयोजनामा के कति डोर हाजिरी फारामहरु को–कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा निकाशा गरी तोकिए अनुसार काम भए नभएको अनुगमन गर्ने व्यवस्था लागू गर्नुपर्ने देखिन्छ । | |
| १४ | **अन्य संस्था :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) मा एक करोड रुपैंयासम्मको काम उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिने व्यवस्था छ । सार्बजनिक खरिद ऐन ,२०६४ को दफा ८(१)क मा मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराएर गर्न सकिने उल्लेख छ । खरिद गर्दा पालन गर्नु पर्ने प्रकृया सम्बन्धमा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा बिभिन्न व्यबस्था उल्लेख छ । नगरपालिकाले सोही ऐनले तोकेकै | |

खरिद बिधि अर्न्तगत नगरपालिकामा दर्ता भई आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता भएका श्रम सहकारी संस्थालाई उपभोक्ता समिति वा लाभग्राही समुदाय सरह मान्यता दिई प्रतिस्पर्धा बेगर काम गराएको छ । सार्बजनिक खरिद ऐनको दफा ८(१)क मा ती संस्थालाई उपभोक्ता समिति वा लाभग्राही समुदाय सरह मान्यता दिई बिना प्रतिस्पर्धा काम गर्न पाउने गरी थप सुविधा दिएको देखिदैन । कानुनले उपभोक्ता समितिको रुपमा पहिचान नगरेको संस्थाबाट उपभोक्ता समितिको प्रक्रिया अनुसार काम गराएको उपयुक्त देखिन आएको छैन ।

१५ **पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधामा सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार नगरपालिकाले देहाय बमोजिम रु.१,०६,२६,०००.०० सुविधा वापत भुक्तानी गरेको छ ।

रु.हजारमा

| **सि. नं.** | **विवरण** | **प्रमुख/अध्यक्ष : १ जना** | **उपप्रमुख : १ जना** | **वडा अध्यक्ष १४ जना** | **कार्यपालिका सदस्य ८ जना** | **सभाका सदस्य ४८ जना** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ४४२ | ३९० | ३६४० | ११४४ | ३७४४ | ९३६० |
| २ | सञ्चार सुविधा | २४ | १८ | १६८ | ०.०० | ०.०० | २१० |
| ३ | बैठक भत्ता | २४ | २४ | ३३६ | १९२ | १४४ | ७२० |
| ४ | यातायात खर्च | ०.०० | ०.०० | ३३६ | ०.०० | ०.०० | ३३६ |
| | **जम्मा** | **४९०** | **४३२** | **४४८०** | **१३३६** | **३८८८** | **१०६२६** |

१६ **चौमासिक खर्चः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष देहायमा उल्लेख भए अनुसार तेश्रो चौमाशिकमा कुल खर्चको ५५ प्रतिशत भन्दा वढी हुनेगरी रु. २२,३५,७८ हजार खर्च गरेको देखिन आएको छ । आषाढ महिनाको खर्च मात्र कुल खर्चको ११ प्रतिशत छ । आर्थिक वर्षको अन्तमा बढी खर्च गर्दा खरिद ऐन र नियमावलीका व्यबस्थाहरु पालनामा नहुने, चौमासिकमा सन्तुलित खर्च व्यबस्थापन नहुने, बस्तु तथा सेवा प्राप्तिमा ढीलाई हुने, निर्माण कार्य गुणस्तरिय नहुने अवस्था सिर्जना हुने भएकोले योजनाको सम्झौता तथा कार्यान्वयन समयमै गरी खर्च व्यवस्थापन तथा कार्यवोझमा सन्तुलन ल्याउनु पर्दछ ।

रु.हजारमा

| **ब.उ.शि.नं.** | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | **आषाढ खर्च** | **कुल खर्च** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| विभिन्न शिर्षक | ८४०५५ | ९७९४२ | २२३५७८ | ४६९०८ | ४०५४१४ |
| **खर्च प्रतिशत** | २० | २४ | ५५ | ११ | |

| | | |
|---|---|---|
| १७ | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । स्थानीय तहले हस्तान्तरण हुने सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र तयार गरी प्रतिबेदन गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको देखिएन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारी अभिलेख अद्यावधिक गरेको पाईएन । जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने तथा हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १८ | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ मा कर्मचारी पदपुर्ती र व्यवस्थापन सम्वन्धि व्यवस्था छ । नगरपालिकाको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी ५८ रहेपनि ३४ मात्र पदपूर्ति भई २४ पद रिक्त रहेको विवरणबाट देखिन आएको छ । समयमा पदपूर्ति नहुंदा थोरै वजेटका स– साना कार्यक्रम ठुलो संख्यामा सञ्चालन गर्न जनशक्तिको अभाव हुने देखिएको छ । अधिकांश कार्यक्रम निर्माणकार्य संग सम्बन्धित देखिएकोमा फिल्डमा खटिने प्राविधिक कर्मचारीमा कामको बोझ अत्याधिक हुने देखिएको छ । स्थायी कर्मचारी माग गरी पदपूर्ति गर्नुपर्नेमा धेरै संख्यामा अस्थायी र करारमा शिक्षक कर्मचारी भर्ना गरी कार्य गराउदा जवाफदेहिता र गुणस्तरमा समेत प्रभाव पर्ने देखिन आएको छ । यस्तो अवस्थामा सुधार हुने गरी जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिन्छ । | |
| १९ | **सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो गरेको पाइएन । अत : ऐन अनुसार सामाजिक परीक्षण तथा सार्वजनिक सुनाई गर्नुपर्दछ । | |
| २० | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । | |

| | | |
|---|---|---|
| २१ | **नापी किताव** : निर्माण कार्यको लेखाङ्कन गर्न महालेखापरीक्षकबाट स्वीकृत गराइ महालेखा नियन्त्रक कार्यालयले नापी किताब (म.ले.प.फा.नं.१७१) को व्यवस्था गरेको छ । उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था रहेकोमा कार्यालयले तयार गरेको नापी किताबमा अधिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी राख्ने गरेको नदेखिएकोले खर्च भएको वास्तविक परिमाण र रकम तथा बांकी परिमाण र रकमको अवस्था एकिन गर्न सकिने आधार देखिएन । | |
| २२ | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९ (२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । आ.व. २०७५।७६ मा वितरण गरिएको सामाजिक सुरक्षा भत्ता विवरण अवस्थाको सम्वन्धमा सार्वजनिकिकरण गरेको आधार संलग्न गरेको देखिएन । भत्ता वितरण कार्य थप पारदर्शि बनाउनुपर्ने देखिन्छ ।<br>रु.हजारमा<br>[तालिका तल]<br>**पञ्जिकरण अभिलेख :** नगरपालिकाले सम्बन्धित वडा सचिवले उपलब्ध गराएको विवरणका आधारमा पेश्की दिई प्राप्त भरपाई तथा फाँटवारीको आधारमा पेश्की फछ्यौट गरेको पाइयो । पञ्जिकरण अभिलेख अद्यावधिक भए नभएको परिक्षण गर्न मृत्यु दर्ता अभिलेख रजिस्टर माग गरिएकोमा पेश हुन आएन । त्यसैले मृत्यु भईसकेका लाभग्राहीको नाममा ससर्त रकम निकाशा एवं वितरण भए नभएको यकिन गर्न सकिएन । | |
| २३ | **ठेक्का व्यवस्था** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुल्ला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने व्यवस्था भए अनुसार कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष निर्माण कार्य र निर्माण सम्वन्धि उपकरण खरिदको रु. ९,६०,५४ हजार लागत अनुमानको १४ ठेक्का व्यवस्था गरी रु. १,०४,७९ हजार घटि हुने गरी रु. ८५५७४ हजारको ठेक्का सम्झौता गरेको देखियो । उल्लेखित ठेक्कामा लेखापरीक्षण अवधि सम्म रु. ५,१४,७६ हजार भुक्तानी भएको छ । उक्त ठेक्का मध्ये १ ठेक्कामा यस वर्ष मोविलाइजेशन पेश्की भुक्तानी गर्ने बाहेक कुनै प्रगति भएको देखिएन । ठेक्का सम्वन्धि विवरण देहायमा उल्लेख छ : | |

(२२ को तालिका — रु.हजारमा)

| वडा नं | सामाजिक सुरक्षा रकम | | |
|---|---|---|---|
| | प्रथम चौमाशिक | दोश्रो चौमाशिक | तेश्रो चौमाशिक |
| १४ वडाहरु | १२१७० | १२५६५ | १२६४७ |
| **जम्मा** | १२१७० | १२५६५ | १२६४७ |

| क्र.सं. | कार्यक्रमको नाम | निर्माण व्यवसायी | लागत अनुमान | स्वीकृत रकम | फरक | घटी प्रतिशत | हालसम्मको भुक्तानि |
|---|---|---|---|---|---|---|---|
| १ | रातापहर भलाक्चा झुलखेत सडक | राप्ति निर्माण सेवा एण्ड राशन सप्लायर्स | ९५७७ | ४७८४ | ४७९२ | ५० | २०६४ |
| २ | चौतारा दोपाई बागखोर सडक | हरिसिद्ध कन्ट्रक्सन एण्ड सप्लायर्स | ९५७९ | ४११९ | ५४६१ | ५७ | २८८३ |
| ३ | सोलावांग झुल्खेत घोरखानी सडक | नविन निर्माण सेवा मु.न.पा. ५ | ९७५५ | ९७१६ | ३८ | ०.४ | ६८०१ |
| ४ | त्रिपुरा मा.वि. छिगं भवन | सुरत कन्ट्रक्सन खलंगा १ | ५०२४ | ४९८५ | ३९ | ०.८ | २८३३ |
| ५ | मालिक मा.वि. चुन भवन | जे.डि.निर्माण सेवा मध्यपुर भक्तपुर | ५०२४ | ५००८ | १६ | ०.३ | १३६० |
| ६ | पशुपति मा.वि. रातामाटा भवन | नेशनल मल्टि बिल्डर्स कोटजहारी | ५०२४ | ५०१४ | १० | ०.२ | २५९३ |
| ७ | जनजागृति मा.वि. साख भवन | मल्ल निर्माण सेवा खलंगा ३ | ५०२४ | ५०२० | ४ | ०.१ | ४२४९ |
| ८ | बालकल्यान मा.वि. सोलावांग भवन | न्यू के.वि.निर्माण वि.सि. ट्रेडर्स | ५०२४ | ५००८ | १६ | ०.३ | १०६० |
| ९ | जनकल्यान मा.वि. कासपोखरी भवन | प्रकृति निर्माण सेवा मु.न.पा. १ | ५०२४ | ४९९८ | २६ | ०.५ | २४०५ |
| १० | ल्याव भवन झुल्खेत निर्माण | नविन निर्माण सेवा मु.न.पा. ५ | ४७९० | ४७६७ | २४ | ०.५ | २७०९ |
| ११ | रातापहर भलाक्चा झुलखेत सडक | नविन निर्माण सेवा मु.न.पा. ५ | ५०२२ | ४९९१ | ३१ | ०.६ | ३४९४ |
| १२ | चौतारा दोपाई बागखोर सडक | टिका निर्माण सेवा मु.न.पा. ६ | ५४९१ | ५४८९ | १ | ० | ३८४३ |
| १३ | फेव्रिकेटिड स्टिल पार्टस सप्लायर्स | जुनकीरी इन्डस्ट्रिज प्रा.ली. बुटवल | ६४९९ | ६४९० | ९ | ०.१ | |
| १४ | सभाहल तथा सामुदायिक भवन निर्माण | पारामिक्स जि.आर.डि.ललितपुर | १५१९७ | १५१८५ | १२ | ०.१ | १५१८२ |
| | | **जम्मा** | ९६०५४ | ८५५७४ | १०४७९ | | ५१४७६ |

यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् :

२६.१ **सडक निर्माण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यको गुणस्तर समेत ध्यान दिनुपर्ने उल्लेख छ । नमुनाका आधारमा छनौट भएका मध्ये कार्यालयले देहायमा उल्लेख भए अनुसार लागत अनुमान रु.१४,४५९ हजार भई रु.१२,५९५ हजारमा सम्झौता भएका र हालसम्म रु.३,८४२ हजारमा भुक्तानी दिएको निर्माण कार्यको लागत अनुमानमा माटो काट्ने कार्य मात्र समावेश गरी सम्झौता गरेको छ। भिरालो पहाडि धरातलमा स्ट्रक्चरको आइटम समावेश नगरी माटो काट्ने काम मात्र राखी स्काभेटर मार्फत गरेको निर्माण कार्य दीगो हुने देखिएन । निर्माण

कार्य दीगो र भरपर्दो हुनेगरी लागत अनुमान तयार गर्दाकै बखत विचार पुऱ्याई निर्माण कार्य व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| गो.भौ.नं. | विवरण | आइटम | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | भुक्तानी |
|---|---|---|---|---|---|---|
| २७०।०७६।३।३० | चौतरा दोपाई बाघखोर सडक | माटो काट्ने | टिका निर्माण सेवा | ५४९० | ५४८९ | ३८४२ |
| २१७।०७६।३।२४ | रातापहरा भलाक्चा सडक | माटो काट्ने | नविन निर्माण सेवा | ५०२१ | ४९९१ | ३४९७ |
| २४३।०७६।३।२६ | रातापहरा भलाक्चा सडक | माटो काट्ने | राप्ती निर्माण सेवा एण्ड राशन आपूर्ति सप्लार्यस | ३९४८ | २१५८ | २०६४ |
| **जम्मा** | | | | **१४४५९** | **१२६३८** | **९४०३** |

२६.२ **स्थानीय पूर्वाधार** : कार्यालयले स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत देहायमा उल्लेख भए अनुसार लागत अनुमान रु.४,०१,१५ हजारको सभा हल सहितको सामुदायिक भवन, सिभिल कम्पाउण्ड वाल, पानी ट्याङ्की र सेफ्टी ट्याङ्की, सहिद स्तम्भ र पार्कका साथै डांडा सिउनेपानी सडक गरी ५ निर्माण कार्य रु.३,६५,०४ हजारमा सम्पन्न गर्ने गरी विभिन्न निर्माण व्यवसायी तथा संस्था संग सम्झौता गरेको देखियो । उक्त निर्माण कार्यमा रु. ६२,१६ हजार रोक्का राखी आर्थिक वर्षको अन्तमा रु.३,६५,०४ हजारमा भुक्तानी गरेको छ । लेखपारीक्षण अवधि सम्म निर्माण चालु रहिरहेको जानकारीमा आएको छ । अग्रिम भुक्तानी गरी निर्माण भइरहेको कार्यमा तोकिएको ड्रइङ् तथा डिजाईन अनुसारको निर्माण कार्य सम्पन्न भएको आश्वस्त हुने नापी तथा बिल भरपाई सहित अनुगमन समितिको प्रतिवेदन समेत संलग्न गरी मात्र ठेक्का फरफारक गर्नुपर्ने देखिन्छ । नगरपालिकाले मिति २०७७।२।३० मा पेश गरेको थप प्रतिक्रियामा उल्लेखित कार्य सम्पन्न भई अनुगमन समेत भएको जनाएको छ ।

(रु.हजारमा)

| क्र.सं | भुक्तानी भौ.नं. | निर्माण कार्यको विवरण | लागत अनुमान | कबोल अङ्क | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम | रोक्का राखेको रकम |
|---|---|---|---|---|---|---|---|
| १. | ७०७६।३।२९ | प्रिफ्याव स्ट्रक्चरल लाईट गेज स्टिलबाट सभा हल र सामुदायिक भवन | १५८०५ | १५१९७ | प्यारा म्याक्स जि आर डी जे भी | १५१८२ | २००० |
| २. | ५।०७५।३२९ | सभा हलको सिविल कम्पाउण्ड वाल | ९१३८ | ७९०८ | परिवर्तन श्रमिक सहकारी संस्था | ७७०९ | १०७७ |
| ३. | | सामुदायिक भवनको सिविल सहित पानी ट्याङ्की , सेफ्टी ट्याङ्की | ४०९२ | ३५४१ | पानी ट्याङ्की सेफ्टी ट्याङ्की निर्माण कार्य उ.स. | ३४०२ | ५०० |
| ४. | १३।०७६।३।२९ | शहिद स्तम्भ, पार्क, सालिक तथा सौचालय | ९०८० | ७८५८ | चन्द्र सूर्य सहकारी संस्था | ७६६१ | ९५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | | डाडा साउनेपानी कामी बुढा स्मृति पार्क चौर पानाखोला टिला सडक | २००० | २००० | साउनेपानी मा वि चुन कामी बुढा स्मृति पार्क | १९४० | १६८९ |
| | | **कुल जम्मा** | **४०११५** | **३६५०४** | | **३५८९४** | **६२१६** |

| | | |
|---|---|---|
| २६.३ | **कृषि पूर्वाधार** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निमार्ण कार्य खरिद गर्नु अघि स्पेशिफिकेशन, नक्शा वा डिजाइन तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले वडा नं. ५ मा तरकारी संकलन केन्द्र निर्माण कार्यका लागि सिलिङ्ग पधेरी चौतारी कृषि सहकारी संस्था लि. सँग रु.८१,००,०००.०० को अनुदान सम्झौता गरेको देखियो । सहकारी संस्थाले पेश गरेको पहिलो तथा अन्तिम बिल रु.१३,१६,१४२.२८ को आधारमा लिएको पेश्की मध्येबाट बाँकी रु.११,७६,८१६.०० को.ले.नि.का. एकल कोष खातामा फिर्ता गरी निर्माण कार्य वापत लिएको मोबिलाईजेशन पेश्की र.२३,५०,०००.०० फरफारक गरेको छ। सहकारी संस्थाले १० प्रतिशत श्रमदानको अंश कट्टा गरेको छैन। विस्तृत डिजाईन तथा नक्शा तयार नगरी शुरु गरेको कार्य अधुरो छँदै फरफारक गर्दा क्रमागत स्वीकृति नभएको योजना अनुसारको कार्य सम्पन्न हुने सम्बन्धमा विश्वस्त आधार देखिएन । अधुरो योजना सम्पन्न गर्नेतर्फ कार्यालयले प्रयास केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| २४ | **राजश्व अभिलेख** : आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४, दफा १२ र १३ ले राजश्वको अभिलेख अद्यावधिक गरी लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था गरेको छ । कार्यालयले यस वर्ष छपाई भई विभिन्न वडामा गएको नगदी रसिदको रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेको, रसिदबाट उठेको आम्दानी देखिने दैनिक आम्दानी किताब तयार नगरेको जस्ता कारण कति रसिद खपत भयो, कति बाँकी छ तथा रसिदबाट उठेको सबै रकम दाखिला भयो भएन यकिन हुने देखिएन । वडामा गएको र नगरपालिका स्वयंले प्रयोग गरेको रसिदको अवस्था नखुल्दा आय र दाखिलाको अवस्था पारदर्शी देखिन आएन । कार्यालयको राजस्व शााखाको अपरिस्कृत विवरण अनुसार रु. ८९,८८,५७७.८८ संकलन गरेको देखाएपनि सञ्चित कोषमा रु. ७५,२७०.६४ फरक पर्ने गरी रु. ९०,६३,८४७.०० आम्दानी देखाएको छ । आय लेखाङ्कनमा फरक परेको रकमको हिसाव मिलान भएको छैन ।<br>नगरपालिकाले नदिजन्य पर्दाथ उत्खनन् गर्न आय ठेक्का लगाउने उदेश्यले ठुलिभेरी इन्जिनियरिङ्ग एण्ड टेक्नीकल ट्रनेङ्ग बहुउदेश्यीय प्रा.लि. लाई परामर्शदाता नियुक्ति गरी रु. २,६९,८३०.०० भुक्तानी दिएको भएपनि प्रतिवेदन अनुसारको परिमाण र क्षेत्रमा आय ठेक्का लगाएको छैन । कार्यपालिकाको निर्णयबाट उठेको राजस्वको १० प्रतिशत पारिश्रमिक प्रदान गर्ने गरी श्री गोपाल सिङ के.सि. लाई प्रति टेक्टर रु. ६००.०० र प्रति ट्रिपर रु. २५००.०० उठाउने गरी सामाग्री विक्रि गरी आय संकलन गर्ने कार्यमा लगाएकोमा नदिजन्य पर्दाथ बेचविखन र आय संकलनको वास्तविक अवस्था देखिने गरी नियन्त्रण संयन्त्र र अभिलेख तयार गरेको छैन । यसबाट आय संकलन पारदर्शि देखिएको छैन । आय संकलनको अभिलेख, खाता तथा किताब तयार नगरेको साथै रसिद प्रयोग र दाखिलाको अवस्था यकिन नभएको जस्ता कारणले आम्दानी परीक्षण गर्न सकिएको छैन । राजश्व आम्दानीको नगदी रसिद | ९०,६३,८४७ |

अनुसारको दैनिक शिलसिलेवार अभिलेख, दाखिलाको गोश्वारा भौचर, वडाहरुको राजश्व उठ्तिको विस्तृत विवरण लगायतका विवरण तयार गरी वास्तविक आय यकिन तथा दाखिला हुनेगरी राजश्व लेखाङ्कन सुदृढ गर्नुपर्ने देखिन्छ ।

२५ **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिवाट काम हुन नसक्ने भएमा परामर्शवाट सेवा खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्नानुसार कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न परामर्शदाता नियूक्त गरी रु.५१,६१,१४३.०० भुक्तानी दिएको देखियो । तत्कालै उपयोग नगर्ने क्षेत्रमा परामर्शदाता नियुक्त गरी प्रतिवेदन तयार गराई भुक्तानी गर्दा खर्च प्रणाली मितव्ययी देखिएन । यस्तो अवस्थामा सुधार गरी प्रयोग हुने र उपयोगी क्षेत्रमा मात्र परामर्शदाता नियुक्ति गरी योजना निर्माण तथा खर्च प्रणाली व्यवस्थित गर्नु पर्ने देखिन्छ ।

| **क्र.सं.** | **गो.भौ.नं.** | **कार्यक्रम** | **कामको विवरण** | **परामर्शदाता** | **खर्च रकम** |
|---|---|---|---|---|---|
| १. | ३।०७६।३।२७ | स्थानीय पूर्वाधार विकास | पीपलनेटाको फुटबल स्टेडियमको डी.पी.आर. | मेगा सिभिल सि.डि.एस. जे.भी. कोटेश्वर | १३४४३८३.०० |
| २. | १६।०७६।३।३० | स्थानीय पूर्वाधार विकास | आर.सि.सि.पानी टैङ्कीको डि.पि.आर. | नक्सा डिजाईन र कन्सल्टेण्ट प्रा.लि. | ४३००००.०० |
| ३. | १९।०७५।९।२५ | नगरपालिका पूँजिगत | चौतार बागचौर सोवावाङ डी.पी.आर. | सखुवा ईन्जियिरिङ्ग कन्सल्टेन्सी, ललितपुर | १३४४६८०.०० |
| ४. | ४०।०७५।११।२२ | नगरपालिका पूँजिगत | न.पा. को नगर गुरुयोजना | डी.जी. फाउण्डेसन प्रा.लि. मुसिकोट रुकुम | ५०००००.०० |
| ५. | ४०।०७५।११।२२ | नगरपालिका पूँजिगत | नगर रिङ्गरोड डी.पी.आर. | क्यानभास इन्जिनियरिङ्ग कन्सल्टेन्सी, ललितपुर | १२७२२५०.०० |
| ६. | ४३।०७५।८।१६ | नगरपालिका चालु | प्रारिम्भक वातावरणिय परिक्षण(सानोभेरी, वेरागीठाटी सहित ४ क्षेत्र) | ठूलीभेरी इन्जिनियरिङ्ग एण्ड टेक्नीकल ट्रेनिङ्ग बहुसेवा प्रा.लि. | २६९८३०.०० |
| | | | **जम्मा** | | **५१६११४३.००** |

२६ **युवा संसद** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा नियमावली बमोजिम बिल भरपाई र श्रेस्ता राखी सोही आधारमा खर्च लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सिर्जनशिल युवा सञ्जाल नेपाललाई नमुना युवा संसद स्थापना तथा अभ्यास कार्यक्रमको सम्झौता गरी गो.भौ.नं. १५।०७६।२।३० बाट रु. २,००,०००.०० भुक्तानी गरेको छ। भुक्तानी भौचरका साथ कार्यक्रमको लागत विवरण संलग्न गरेपनि खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न गरेको छैन । प्रमाण कागजात तथा पर्याप्त आधार बेगर खर्च लेखेको छ । पर्याप्त आधारका साथै कार्य सम्पन्न भएको यकिन गरी मात्र भुक्तानी दिनु पर्दछ ।

२,००,०००

२७ **हाईड्रोपावर अनुदान** : कार्यालयले समानिकरण र समपुरक अनुदान बाट रु.५,००,००,०००.०० अधिकृत पूँजी रहेको स्यार्पू पावर कम्पनि लि. मा संस्थापक शेयरधनिको रुपमा ६ प्रतिशतले हुने रु. ३०,००,०००।०० को शेयर लिने गरी सम्झौता गरी गो.भौ.नं. १९२।०७६।३।२१ बाट रु. २०,००,०००.०० भुक्तानी दिएको देखियो । जिल्लाका ६ स्थानीय तह र जिल्ला समन्वय समिति सहित ७ निकायले अधिकृत पूँजीको ५५ प्रतिशतले हुने रु. २,७५,००,०००।०० लगानी गर्ने र अन्य शेयर सर्वसाधारणबाट उठाउने गरी दर्ता भएको हाईड्रोपावर कम्पनिमा अनुदान दिएको रकमबाट भएको प्रगतीको सम्बन्धमा अनुगमन गरेको देखिएन । आन्तरिक श्रोतबाट लगानी गर्न सक्ने गरी क्षमता सुदृढिकरण गरेर मात्र दीर्घकालिन योजनामा लगानी गर्ने तर्फ कार्यालयको ध्यान पुग्नुपर्ने देखिन्छ ।

२८ **बढी ग्रेड** : कार्यालयले तलबी प्रतिवेदनमा उल्लेख भए अनुसार ग्रेड भुक्तानी गर्नुपर्ने व्यवस्था छ। वित्तिय सामानिकरण चालुको गो.भौ.नं. ३१।०७५।८।२ बाट देहायका कर्मचारीको कार्तिक महिनाको तलब भुक्तान गर्दा तलबी प्रतिवेदन पास भएको भन्दा बढी भुक्तानी गरेको देखियो । देहायमा उल्लेख भए अनुसार बढी भुक्तानी भएको ग्रेड रु. १८,४७५.००सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ । १८४७५.००

| सि.नं | कर्मचारीको नाम | भुक्तानी हुनुपर्ने ग्रेड रकम | भुक्तानी भएको ग्रेड रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | खरिदार नविन बिष्ट | २२१७ | ४४३४ | २२१७ |
| २ | खरिदार गोपर्धन बुढा | २९५६ | ८८६८ | ५९१२ |
| ३ | खरिदार अनिता ओली | २२१७ | ४४३४ | २२१७ |
| ४ | खरिदार एकेन्द्र घर्ति | ७३९ | ४४३४ | ३६९५ |
| ५ | खरिदार राजेन्द्र खड्का | २२१७ | ४४३४ | २२१७ |
| ६ | खरिदार खेमराज खड्का | २२१७ | ४४३४ | २२१७ |
| | **जम्मा** | | | **१८४७५.००** |

२९ **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा १६ मा लेखापरीक्षणको सुझाव अनुसार सुधार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले मिति २०७६।५।१७ मा दिएका देहाय अनुसारका सुझाव कार्यान्वयन गरी सुधार भएको प्रमाण पेश हुन आएको छैन । प्रतिवेदन अनुसार सुधार गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ ।

| गो.भौ.नं. | विवरण | सम्बन्धित व्यक्ति | प्रमाण तथा असुल | रु. | आ.ले.प. दफा |
|---|---|---|---|---|---|
| २७.०७६.२.१६ | अनुगमन खर्च | चिन्तामणी शर्मा | असुल | १०००० | २९ |
| १२३.७६.३.२६ | कम्प्यूटर सामाग्री | नेपाल राष्ट्रिय आधारभूत विद्यालय | दाखिला प्रमाण | ११५८२५ | ३० |
| १२३.७६.३.२६ | कम्प्यूटर सामाग्री | जुवाला आधरभूत विद्यालय | दाखिला प्रमाण | १५०००० | ३० |
| ५.७६.३.३१ | कम्प्यूटर सामाग्री | सूर्यदय आधरभूत विद्यालय | दाखिला प्रमाण | २६७२७३ | ३० |
| ८७.७६.२.७ | खानेपानी योजना | मुसिकोट हे.पो. | बिल भरपाई | २२१००० | ३१ |
| १६३.७६.३.१५ | फर्निचर खरिद | साई कुमारी आधरभूत विद्यालय | बिल भरपाइ | ५०००० | ३१ |
| २६३.७६.३.२८ | वन कार्ययोजना | बहुसेवा प्रा.लि. | प्रमाण | ६०००० | ३१ |
| २६८.७६.३.२९ | एम्बुलेन्स खरिद | अग्नि इन्करपोरेट | बिल भरपाइ | ९०२५१४ | ३१ |
| | अनुपातिक कट्टी | सडक बाटो | असुल | ५०१५५ | ३२ |
| ३३१.७६.३.१९ | ल्यापटप खरिद | कार्यालय प्रयोजन | आम्दानी | ५६००० | ३४ |
| ३९९.७६.३.२७ | तथ्यांक संकलन | कमल पुन मगर | प्रमाण | ४८००० | ३४ |
| ४१२.७६.३.२९ | पोषण कार्यक्रम | | प्रमाण | ९३००० | ३४ |
| ४२५.७६.३.३१ | मुद्दा खर्च | कार्यालय प्रयोजन | प्रमाण | ५५००० | ३४ |
| ४२९.७६.३.३१ | | जन कल्याण कृषि समुह | प्रमाण | ६३३६०८ | ३४ |
| स्वास्थ्यतर्फ | विदा गणना | विभिन्न कर्मचारी | प्रमाण | ९३९५६८ | ३४ |
| स्तनपान कक्ष | एल्मुनियम फ्रेम | स्तनपान कक्ष | प्रमाण | ८४३२० | ३५ |

३० महालेखापरीक्षकको छपन्नौ वार्षिक प्रतिवेदन, २०७५ मा मौज्दात बाँकी रु. ६,१८,१९ हजार देखिएकोमा नगरपालिकाले लेखापरीक्षणको समयमा पेश गरेको वित्तिय विवरणले मौज्दात

| | | |
|---|---|---|
| | बाँकी रु. ६,०६,५३ हजार देखाएको छ । कम मौज्दात देखिएको रु. ११ लाख ६६ हजारका सम्वन्धमा समायोजन हिसाव तयार गरी यकिन गर्नुपर्ने देखिन्छ । | |
| ३१ | **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालको आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट हुन बाँकी पेश्कि निम्न अनुसार छ । नियमावलीको प्रक्रिया पुरा गरी पेश्कि फर्छौट गर्नु पर्दछ । | ५,०९,९४५.०० |

| **विवरण** | **पेश्की लिनेको नाम** | **पेश्की(रु)** |
|---|---|---|
| विद्यालय भवन निर्माण पेश्की | जे.डि.निर्माण सेवा | ५०९९४५.०० |

## मुसिकोट नगरपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

**अनुसूची- १ (रु. हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | मुसिकोट नगरपालिका | रुकुम( पश्चिम) | ६०६५३ | ११८४२३ | ४३७२३० | १२७९५ | ५६८४४८ | ४००९२४ | १३२५७२ | ३२६३५ | ५६६१३१ | ६२९७० |

**नोट** : महालेखापरीक्षकको छपन्नौ वार्षिक प्रतिवेदन, २०७५ मा मौज्दात बाँकी रु. ६,१८,१९ हजार देखिएकोमा नगरपालिकाले लेखापरीक्षणको समयमा पेश गरेको वित्तिय विवरणले मौज्दात बाँकी रु. ६,०६,५३ हजार देखाएको छ। कम मौज्दात देखिएको रु. ११ लाख ६६ हजारका सम्वन्धमा समायोजन हिसाव तयार गरी यकिन गर्नुपर्ने देखिन्छ।

## मुसिकोट नगरपालिकाको बेरुजू वर्गीकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**अनुसूची- २ (रु. हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा सं ख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | रुकुम( पश्चिम) | मुसिकोट नगरपालिका | ३० | ५ | ४६२९६ | ० | २६.२ | ३६५०४ | ३० | ४ | ९७९२ | १८ | ० | ९२६४ | ० | 0 | ९२६४ | ० | ५१० | ५१० |

## मुसिकोट नगरपालिकाको अद्यावधिक वेरुजु स्थीति

**अनुसूची- ३ (रु. हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | मुसिकोट नगरपालिका | रुकुम(पश्चिम) | ९१२६७ | ९० | ९११७७ | ० | ९७९२ | १००९६९ |